नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या :- औ.प्र.महाशाखा/०७७/७८
चलानी नम्बर :- १९८

मिति २०७७/०८/१२

श्री गाउँ कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय,
७५३ वटै ।

**बिषयः मेडपा कार्यक्रममा परिचालन हुने उद्यम विकास सहजकर्ता सम्वन्धमा ।**

उपरोक्त सम्बन्धमा चालु आ.व. २०७७/७८ देखि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लक्ष्य सहित सशर्त अनुदानमा सवै स्थानीय तहमार्फत कार्यान्वयनको चरणमा रहेको व्यहोरा विदितै छ । यस कार्यक्रमको संचालन मोडालिटी र प्रकृयालाई व्यवस्थित बनाउन र सवै स्थानीय तहमा कार्यक्रम सञ्चालनमा एकरुपता कायम गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७/७/४ मा स्वीकृत "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" लागू गरिएको छ । यस निर्देशिकाले लघु उद्यम विकास कार्यक्रमलाई एउटा नमूना कार्यक्रमका रुपमा स्थानीय तहदेखि नै सु-व्यवस्थितरुपमा सञ्चालन गर्ने र यसका लागि लघु उद्यमका विषयमा अध्ययन गरेका उद्यम विकास सहजकर्ता (ई.डि.एफ.) को महत्वपूर्ण भूमिका अपेक्षा गरिएको छ ।

तर कतिपय स्थानीय तहले कार्यक्रममा उद्यम विकास सहजकर्ताको भूमिकालाई कम आंकलन गरी सेवा करारका लागि आव्हान गरेको पाइएको विषयमा मन्त्रालयको ध्यानाकर्षण भएको छ । कार्यक्रमको सफल कार्यान्वयन र सो को दिगोपनाका लागि उद्यम विकास सहजर्ता भनी माग गर्न र उपलब्ध भएसम्म उद्यम विकासमा डिप्लोमा गरेका वा सीप परिक्षणमा तह ३ (तीन) उत्तीर्ण गरेका उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिई परिचालन गर्नुहुन अनुरोध गरिन्छ । कार्यक्रमका सम्बन्धमा कुनै द्विविधा भए प्रदेश वा जिल्लामा रहेका मेडपा टि.ए. का विषेशज्ञ/कर्मचारीको सहयोग लिन सकिने व्यहोरा अनुरोध छ । साथै निर्देशिकाको दफा दफा ७ बमोजिमको अवधिभित्रै सहजकर्तासंगको सेवा करार सम्झौता गरी कार्यक्रमलाई अगाडि बढाउन मन्त्रालयको मिति २०७७/०८/१२ को निर्णयानुसार अनुरोध छ ।

पुनश्चः- मेडपा कार्यक्रमका सम्बन्धमा तयार गरिएको जानकारी पुस्तिकाको डिजिटल कपी यसै साथ संलग्न गरी पठाइएको छ । यस जानकारी पुस्तिकाले मेडपा कार्यक्रम बुझ्न र सञ्चालन गर्न सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

०७७/८/१२

(खेमराज कोइराला)
शाखा अधिकृत

# गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)

## (Micro-Enterprise Developement for Poverty Alleviation-MEDPA)

# संक्षिप्त जानकारी
# A Brief Introduction

आर्थिक समृद्धिको आधार
लघु उद्यम मार्फत रोजगार

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) के हो ?

गरिबीको रेखामुनी रहेका परिवारहरूका लागि स्थानीय स्रोत साधन परिचालन गरी स्थानीयस्तरमा नै उद्यमशीलता विकास मार्फत रोजगारी श्रृजना गर्ने उद्देश्यले वि.सं. २०५५ देखि वि.सं. २०७५ सम्म लघु उद्यम विकास कार्यक्रम (मेडेप) सञ्चालनमा रहेको थियो। मेडेपले गरिबीको रेखामुनी रहेका वर्गलाई लघु उद्यमी बनाई स्वरोजगार तथा रोजगारी श्रृजना गर्ने लघु उद्यम विकास मोडेलको विकास गऱ्यो। लघु उद्यम विकास मोडेलको प्रयोगबाट लक्षित वर्गलाई उद्यममा आवद्ध गराई उनीहरूको जीवनस्तर उकास्न सहयोग पुगेकोले यस मोडेललाई नेपाल सरकारले आफ्नो कार्यक्रमका रूपमा आन्तरिकीकरण गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को रूपमा आ.व. २०६६/६७ देखि सञ्चालन गरिरहेकोमा आ.व. २०७७/७८ देखि मेडपा कार्यक्रम नेपाल सरकारको सशर्त अनुदानमा देशका ७५३ वटै स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी सञ्चालनमा छ।

गरिबीको रेखामुनि रहेका नेपाली नागरिक, वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्ति मेडपा कार्यक्रमको लक्षित समूह हुन् । यस कार्यक्रमले नतिजामा आधारित लघु उद्यम विकास (मेड) मोडेलमा कार्यक्रम सञ्चालन गर्दछ जसमा लक्षित समूहलाई एकीकृत सेवाहरू प्रदान गरी उनीहरूलाई लघु उद्यमी बन्न सघाउनुका साथै स्वरोजगार रोजगारीको सुनिश्चित गर्दछ ।

## २. लघु उद्यम के हो ?

औद्योगिक व्यवसाय ऐन,२०७६ ले अनुमति लिनुपर्ने उद्योग बाहेक “लघु उद्यम” लाई यसरी परिभाषित गरेको छः (१) घर जग्गा बाहेक बढीमा बीस लाख रूपैयाँसम्मको स्थिर पूँजी रहेको, (२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको, (३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको, (४) वार्षिक कारोबार रु. एक करोड रूपैयाँ भन्दा कम रहेको, र (५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतिय उर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको ।

लघु उद्यम खास गरी साना, मझौला तथा ठूला उद्योगको जग हो र स्थानीय आर्थिक क्रियाकलापको महत्वपूर्ण आधारशीला पनि हो ।


## ३. लघु उद्यम विकास (मेड) मोडेल भनेको के हो ? (Micro Enterprise Development-MED Model)

"लघु उद्यम विकास (मेड) मोडेल" उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, सीप विकास तालिम, वित्तीय सेवामा पहुँच, प्रविधिमा पहुँच तथा बजारिकरण र व्यावसायिक परामर्श समेतको एकीकृत सेवा प्रदान गरी लघु उद्यमीको श्रृजना र विकास गर्ने कार्यान्वयनबाट सफल देखिएको मोडल हो । यो मागमा आधारित अवधारणा बमोजिम लक्षित वर्गहरूलाई एकीकृत सेवाहरू प्रदान गरी उद्यमी श्रृजना गर्ने एउटा प्रकृया हो ।

मेडपाले नयाँ उद्यमी श्रृजना तथा प्रवर्द्धनका लागि मागमा आधारित रणनीतिको विकास गरेको छ । लघु उद्यम विकास (मेड) मोडेलमा माग विश्लेषण गर्दा लक्षित समूहको मागका सथै उत्पादित वस्तु वा सेवाको बजार माग, लक्षित समूहको

चाहना, कच्चा पदार्थको उपलब्धता र उद्यम विकासको सम्भावनालाई समेत ध्यान दिइन्छ (चित्र नं. १) ।

चित्र नं. १





उद्यम विकासका लागि उद्यमीहरूको माग, बजार सम्भाब्यता, स्थानीय कच्चा पदार्थ र उद्यम विकासको सम्भाव्यता हेरेर मात्र कार्यक्रमहरू सञ्चालन गरिने भएकोले यस कार्यक्रममा संलग्न व्यक्तिले सफलता हासिल गरेका छन् ।

## ४. लघु उद्यम विकास मोडेलका चरणहरु

चित्र नं. २

*लघु उद्यम विकास मोडेल*




यस मोडेल अन्तर्गत उद्यमी श्रृजनाका लागि चित्र नं. २ मा देखाइए बमोजिम विभिन्न ६ वटा चरणहरूमा व्यवसायिक सेवा प्रदान गर्ने गरिन्छ।

## ४.१ पहिलो चरणः उद्यम विकासका लागि सामाजिक परिचालन

यस चरणमा घरधुरी सर्वेक्षण लगायतका विधि प्रयोग गरी उद्यम विकासका लागि सम्भाव्य स्रोतहरूको विश्लेषण, सम्भावित उद्यमीहरू छनौट तथा बजारका सम्भावनाका क्षेत्रको पहिचान जस्ता कार्यहरू गरिन्छ। यसका अतिरिक्त उद्यम गर्न इच्छुक व्यक्तिलाई छनौट गरी उद्यमी समूहमा आबद्धता गराउने, उद्यमसँग सम्बन्धित पक्षहरूको बारेमा छलफल गर्ने, उद्यम स्थापनाको लागि उत्प्रेरित तथा नेतृत्व विकास गर्ने कार्य गरिन्छ। यसका लागि विशेष गरी सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA), घरधुरी सर्वेक्षण, लक्षित समूह पहिचान तथा छनौट, उद्यमका लागि स्रोतको उपलब्धता तथा बजार सम्भाव्यता अध्ययन र समूह गठन जस्ता कार्यहरू गरिन्छन्।

## ४.२ दोस्रो चरणः उद्यमशीलता विकास

यस चरणमा सहभागीहरूमा आत्मविश्वास निर्माण र सम्भावित उद्यमीहरूको जोखिम वहन गर्ने क्षमता अभिवृद्धि गर्ने सीपको विकास गरिन्छ। यस्तो सीप विकासको लागि यस चरणमा संभावित उद्यमीको

उद्यमशीलता विकास गरिन्छ। उनीहरूले गर्न चाहेको उद्यमको छनौट गरी व्यवसायिक योजना समेत तयार हुन्छ। यो चरणमै उद्यमी बन्न चाहने व्यक्तिले उद्यम गर्न चाहिने पूँजी कसरी व्यवस्था गर्ने भन्ने अड्कल गरिसकेका हुन्छन्। व्यवसाय गर्न बैङ्क/वित्तीय संस्थाबाट ऋण लिनु पर्छ भन्ने सोचको समेत विकास भएको हुन्छ। व्यक्तिमा उद्यमशीलता विकासको सीप भएमा एउटा उद्यम नाफामुलक नभएमा अर्को नाफामुलक उद्यममा लाग्न सक्ने क्षमताको विकास भएको हुन्छ। तल उल्लेख भएबमोजिम उद्यम सुरु गर्नु पूर्व दुई वटा (क र ख) र उद्यम सुरु गरेको कम्तीमा एक बर्ष पछि दुई वटा (ग र घ) गरी चार प्रकारका तालिम प्रदान गरिन्छ।

(क) सम्भाव्य उद्यमीको लागि तालिम (टोपे),

(ख) उद्यम व्यवसाय सुरुवात तालिम (टोसे)

(ग) उद्यम व्यवसाय सुधार तालिम (टोई)

(घ) उद्यम व्यवसाय विस्तार तालिम (टोजे)।

## ४.३ तेस्रो चरणः प्राविधिक सीप विकास तालिम

संभावित उद्यमीले छनोट गरेको उद्यम सञ्चालन गर्न प्राविधिक सीपको आवश्यकता हुन्छ। उद्यमशीलता

विकास तालिम पश्चात उद्यमको छनौट, आवश्यक कच्चा पदार्थको लेखाजोखा, व्यवसायिक योजनाको निर्माण र उद्यम गर्न चाहिने पूँजीको व्यवस्थापन जस्ता पक्षहरूको विश्लेषण गरेर मात्र प्राविधिक सीप विकास तालिम प्रदान गरिन्छ। नतिजामुलक सीप विकास तालिम प्रदान गरिने हुँदा तालिम पश्चात उद्यमीहरूमा गुणस्तरिय वस्तु तथा सेवाहरू उत्पादन गर्न सक्ने प्राविधिक सीप क्षमताको विकास हुन्छ। परम्परागत सीपमा आधारित उद्यमको छनौट गरेको अवस्थामा पनि थप सीप विकास तालिमको व्यवस्था गर्नु पर्ने हुन्छ। सीप तालिमको प्रकृति उद्यम अनुसार फरक-फरक हुन्छन्। उद्यमको प्रकृती अनुसार छोटो, मध्यम र लामो अवधिका गरि ३ प्रकारका तालिम हुन्छन्।

## ४.४ चौथो चरणः वित्तमा पहुँच

व्यवसायिक योजनाको आधारमा उद्यम सञ्चालन गर्न आवश्यक पूँजीका लागि स्वलगानी तथा ऋणको जरुरी हुन्छ। उद्यम व्यवसाय स्थापना तथा सञ्चालन गर्न यन्त्र औजार, उपकरण, कच्चा पदार्थ खरिद, कामदारलाई ज्याला तथा उत्पादीत वस्तु बजारमा पुऱ्याउन पूँजीको

आवश्यकता पर्दछ। यस कार्यक्रममा लघु उद्यमीहरू गरिबीको रेखामुनिका हुने भएकाले उद्यम वा व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक पर्ने पूँजी आफैं जुटाउन वा लगानी गर्न सक्दैनन्। सरकारबाट प्राप्त हुने सेवा सुविधाको बारेमा पनि जानकारी हुँदैन। उनीहरूको वित्तीय सेवा प्रदायक संस्थाहरूमा आफैंले समन्वय गर्ने क्षमता पनि कमै हुन्छ। तसर्थ यस्ता वर्गलाई उद्यम व्यवसाय सुरु गर्न वा सुरु भैसकेको व्यवसायलाई सञ्चालन गर्नको लागि वित्तीय सेवामा पहुँच पुऱ्याउनु अति आवश्यक हुन्छ।

उद्यमशीलता विकासको तालिमले व्यवसायिक जोखिम समेत लिन सक्ने क्षमताको विकास गर्ने भएकोले उद्यमीहरू ऋण लिन इच्छुक हुन्छन्। वित्तीय पहुँचका लागि उद्यम विकास सहजकर्ताले सम्बन्धित पालिकामा भएका लघुवित्त संस्थाहरूको पहिचान गर्दछन्। उनीहरूको ऋण प्रवाह गर्ने नीति नियम र ब्याजदर ईत्यादिको विषयमा अध्ययन गर्दछन्। विना धितो ऋण दिने वित्तीय संस्थाको खोजी गर्दछन्। वित्तीय सेवा प्रदायकहरूसँग समन्वय गराई ऋणको व्यवस्थापन गर्न सहजीकरण गर्दछन्।

## ४.५ पाँचौ चरणः उपयुक्त प्रविधिमा पहुँच

प्रविधि भन्नाले उद्यम सञ्चालन गर्न आवश्यक मेशिन, औजारहरू हुन् । यस चरणमा उद्यमीहरूलाई उपयुक्त प्रविधिहरूको बारेमा जानकारी, पहुँच तथा त्यसको सञ्चालनका लागि सहजीकरण गरिन्छ । उपयुक्त प्रविधिले उद्यमीको उत्पादकत्वमा वृद्धि गर्न, प्रतिष्पर्धीहरूको वस्तुसँग गुणात्मकरूपमा प्रतिष्पर्धा गर्न तथा उत्पादन लागतमा कमी ल्याउने गर्दछ । लघु उद्यमीहरूलाई उद्यम सञ्चालन गर्न चाहिने मेसिन औजारहरूको बारेमा जानकारी हुँदैन ।

उपयुक्त प्रविधिमा लघु उद्यमीले प्रयोग गर्ने वातावरण बनाउनु नै उनीहरूको उपयुक्त प्रविधिमा पँहुच (Access to Appropriate Technology) पुऱ्याउनु हो । लघु उद्यमीसम्म उपयुक्त प्रविधि पुऱ्याउनका लागि आवश्यक उपयुक्त प्रविधिको पहिचान गर्ने, प्रविधि आपूर्तिकर्ताहरूको पहिचान गर्ने, उद्यमी र आपूर्तिकर्ताहरू बीचमा सम्वन्ध विकास गर्ने र प्रविधि हस्तान्तरणमा पहुँच पुऱ्याउने जस्ता कार्य यस चरणमा गरिन्छ । यो काम सम्बन्धित पालिकामा उद्यम विकास सहजकर्ताले गर्नु पर्नेछ ।

## ४.६ छैठौं चरण: बजारीकरण तथा व्यवसायिक परामर्श

उद्यमीहरूद्वारा उत्पादीत वस्तु र सेवाको बजारीकरण लघु उद्यम विकास मोडलको महत्वपूर्ण अंग हो। यस मोडेलमा उत्पादन सुरु गर्नु पूर्व नै बजार सर्भेक्षण गरिने भए पनि बजारीकरणका लागि उद्यमीहरूलाई बजार सम्बन्धी ज्ञान तथा यसका लागि ग्रेडीङ्ग, प्याकेजीङ्ग, लेवलिङ्ग आदिबारे जानकारी तथा सहजीकरण गरिन्छ। बजारको सुनिश्चितताको लागि व्यापारी तथा उद्यमी बीच अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने, व्यवसाय-व्यवसाय बीच सम्बन्ध विकास गर्ने, बिक्रि कक्ष (सौगात गृह) हरू स्थापना गरी लघु उद्यमीको उत्पादन विक्री गर्ने तथा प्रदर्शनी तथा व्यापार मेला आयोजना जस्ता कार्यक्रमहरू गरिन्छ। लघु उद्यमीहरूले भोगेका समस्या समाधानका लागि सल्लाह, सुझाव वा व्यवसायीक परामर्श सेवा प्रदान गरिन्छ।

उल्लेखित ६ वटा चरणहरूमा एकीकृत र क्रमबद्ध सेवा प्रवाह गरे पश्चात सम्भाव्य लघु उद्यमीहरूलाई उद्यमीको रूपमा तयार गर्न सकिने मान्यता नै यस लघु उद्यम विकास (मेड) मोडेलको सिद्धान्त हो। यो मोडेल उद्यमी नै श्रृजना गर्ने नतिजामूखी मोडेल हो। उद्यमीहरूलाई उद्यमको शुरुवात पश्चात निरन्तररूपमा अनुगमन गरी

एउटा निश्चित समयसम्म हात समाएर डोऱ्याउनु पर्ने हुन्छ । गत बीस बर्षको अनुभवबाट यो मोडल एकीकृत रूपले उद्यमी श्रृजना र स्तरोन्नती गर्न सफल देखिएको छ ।

## ५. उद्यम विकास सहजकर्ता (Enterprise Development Facilitator- EDF) को हुन ? मेडपा कार्यक्रममा यी किन आवश्यक छन ?

लघु उद्यमको स्थापना, विकास र प्रवर्द्धन गर्नका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सीटीईभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी उद्यमशीलताका विषयमा डिप्लोमा कोर्ष वा टिएसएलसी उत्तीर्ण गरेका वा उल्लेखित विषयमा सीप परिक्षणमा उत्तीर्ण भएका व्यक्ति हुन । यस्ता सहजकर्ताले लघु उद्यम विकास कार्यक्रममा लक्षित समूहको पहिचान गर्ने, उद्यमशीलता विकास तालिम सञ्चालन गर्ने, सम्भावित लघु उद्यमीको व्यवसायिक योजना तयार गर्न सहजीकरण गर्ने, सीप विकास तालिम सञ्चालनमा सहजीकरण गर्ने तथा लघु उद्यमीको वित्तीय पहुँच तथा प्रविधिमा पहुँचमा सहजीकरण गर्ने तथा व्यवसायिक परामर्श उपलब्ध गराउने लगायत गरिबी

निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका, २०७७ को अनुसूची १ मा तोकिएका कार्यहरू गर्दछन ।

लघु उद्यमी श्रृजना गर्ने तथा लघु उद्यमीको स्तरोन्नति गर्ने कार्य नितान्त प्राविधिक कार्य हो । जसरी स्वास्थ्य संस्थाहरूमा हे.अ., स्टफ नर्स, अ.हे.व., अ.न.मी., र कृषि सेवामा जे. टि./जे.टि.ए. लगायतको भूमिका रहन्छ त्यसैगरी नयाँ लघु उद्यमी तयार गर्ने र भैरहेका लघु उद्यमीको स्तरोन्नति गर्ने कार्यसंग सम्बन्धित विषयमा अध्ययन गरेका उद्यम विकास सहजकर्ताको अहम भूमिका रहन्छ ।

## ६. उद्यम विकास सहजकर्ता (इ.डि.एफ.) कसरी परिचालन हुन्छन ?

मेडपा कार्यक्रम सञ्चालनका लागि महत्वपूर्ण मानिएका यस्ता सहजकर्ता स्थानीय तहले निजहरूले सम्पादन गर्नुपर्ने काम, कर्तव्य, अधिकार र जिम्मेवारी तथा निश्चित समय तोकी सेवा करारमा लिइ परिचालन गरिएका हुन्छन् । यदि यस कार्यक्रमलाई स्थानीय तहले आन्तरिकीकरण गरी आफ्नै श्रोतवाट सञ्चालन गर्ने भएमा र यस्ता सहजकर्ताको कार्य तथा नतिजाबाट

स्थानीय तह सन्तुष्ट भएमा स्थानीय तहले आफ्नो कर्मचारी दरवन्दीमा समावेश पनि गर्न सक्नेछन् ।

सशर्त अनुदानमा सञ्चालन हुने यस कार्यक्रमका लागि उद्यम विकास सहजकर्ताको विज्ञतालाई सेवा करारमा लिइने र नतिजामा आधारित भइ सम्झौता गरिने हुँदा यसलाई कर्मचारीको नियुक्तिको रूपमा लिइनु हुदैन र कार्यालयका अन्य काममा लगाउनु पनि हुदैन । यस्ता सहजकर्ताको सेवालाई कार्यक्रम सञ्चालन हुने आर्थिक वर्षको बढीमा असार मसान्तसम्मका लागि मात्र लिइने हुँदा निर्देशिकाको दफा ६ बमोजिमको योग्यता भएको र फिल्डमा कार्य गर्नसक्ने जुनसुकै उमेरको व्यक्तिको सेवालाई करारमा लिन सकिन्छ । यसरी सेवा करारमा लिंदा अनलाइनबाट दरखास्त माग गरी निजको विज्ञता र प्रतिवद्धता तथा अनुशासन र कार्य गर्न सक्ने क्षमता हेरी अन्तरवार्ताको माध्यमबाट सरलढंगले छनौट गर्न उपयुक्त हुन्छ । यसरी छनौट गर्दा क्रमशः डिप्लोमा कोर्ष गरेका वा तह तीनका सहजकर्तालाई प्राथमिकता दिनु पर्दछ ।

## ७. **यो कार्यक्रममा कार्यक्रम संयोजक भनेका को हुन ? यी कसरी परिचालन हुन्छन ?**

मेडपा कार्यक्रमको लागि प्राप्त सशर्त अनुदानको बराबर वा सोभन्दा बढी रकम स्थानीय तहले आफ्नो स्रोत

विनियोजन गरी थप लक्ष्यसहित कार्यक्रम सञ्चालन गर्ने भएमा कार्यालयले निर्देशिकाको दफा ५ बमोजिम छनौट भएको सहजकर्ताको अतिरिक्त थप एक जना स्थानीय व्यक्तिलाई कार्यक्रम संयोजकको रूपमा नियुक्त गर्न सक्नेछ। तर यस बमोजिम कार्यक्रम संयोजक नियुक्त गर्दा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरू मध्येबाट लघु उद्यम, व्यवसाय विकास वा व्यावसायिक सीप विकास, आय आर्जनको क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण जस्ता कार्यमा अनुभव प्राप्त गरेको व्यक्तिलाई (उपलब्ध भएसम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह ४ उत्तीर्ण गरेको व्यक्तिलाई) प्रतिष्पर्धाको आधारमा स्थानीय तहले आफ्नै स्रोतबाट आवश्यक सबै खर्च व्यहोर्ने गरी निजसँग सेवा करार सम्झौता गरी कार्यक्रम संयोजक नियुक्त गर्न सक्ने व्यवस्था छ। तर नेपाल सरकार र प्रदेश सरकारको तर्फबाट व्यवसाय र उद्यमशीलता विकास तथा प्रवर्द्धन गर्ने कार्यक्रम लागू भई कार्यक्रम संयोजक नियुक्त भएको भए निजलाई नै यस कार्यक्रमको

कार्यक्रम संयोजकको रूपमा परिचालन गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**८. सम्पर्क व्यक्ति भनेको को हो ? कार्यक्रमका लागि सम्पर्क व्यक्ति किन तोक्नु पर्दछ ?**

पालिकाको प्रमुख प्रशासकीय अधिकृतले मेडपा सञ्चालन निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गर्नको लागि निजले पूरा गर्नु पर्ने जिम्मेवारी सहित स्थानीय तहमा उद्योग क्षेत्र हेर्ने शाखा प्रमुख वा कर्मचारीलाई सम्पर्क व्यक्ति (फोकल पर्सन) भनिन्छ । मेडपा कार्यक्रम स्थानीय तहको महत्वपूर्ण कार्यक्रम भएको हुँदा स्थानीय तहमा हुने विभिन्न कार्यक्रमसंग समन्वयात्मक तवरले सञ्चालन गर्न सम्पर्क व्यक्ति कार्यालय कै कर्मचारी तोक्न उपयुक्त हुन्छ । स्थानीय तहमा प्रमुख/अध्यक्ष लगायत निर्वाचित जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतले मेडपा कार्यक्रमका सवै क्रियाकलापहरू हेर्न नभ्याउने हुँदा दैनिक क्रियाकलापको सञ्चालन, रेखदेख गर्न र समग्र क्रियाकलापको प्रतिवेदन गर्न पनि सम्पर्क व्यक्ति तोक्न आवश्यक भएको हो ।

**९. सेवा प्रदायक संस्था भनेको के हो ? यो कार्यक्रममा के भूमिकाका लागि यी संस्थाको परिचालन गरिन्छ ?**

लघु उद्यमी श्रृजना, प्रवर्द्धन, विकास तथा विस्तार वा स्वरोजागरी वा रोजगारीको लागि सीप विकास तालिमको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहमा सवै किसिमका तालिम सञ्चालन गर्ने गरी संस्थागत र संरचनागत व्यवस्थाहरू समेत नहुन सक्छन । यसका लागि कार्यक्रम सञ्चालनका क्रममा मेडपा कार्यक्रमका छ वटा चरण मध्ये सीप विकास तालिम वा एड्भान्स तालिम कार्यक्रम सञ्चालनका लागि यस क्षेत्रमा कार्यअनुभव भएका र कानून बमोजिम दर्ता भएका संस्थाहरूलाई निर्देशिकाको परिच्छेद-३ बमोजिम छनौट गरी परिचालन गर्न सकिने व्यवस्था छ । जस्तै तालिम प्रदान गर्ने संस्थाहरू, जिल्ला लघु उद्यमी समूह संघहरू (डि-मेगा), कुनै फर्म वा कम्पनी वा गैरसरकारी संस्थाहरू वा यस्तै प्रकृतिका संस्थाहरू यसमा पर्दछन ।

**१०. उद्यम विकास समिति भनेको के हो ?**

निर्देशिकाको दफा ५२ बमोजिम कार्यपालिकको अध्यक्ष वा प्रमुखको संयोजकत्वमा निजी क्षेत्रसमेतको सहभागितामा गठित समितिलाई उद्यम विकास समिति भनेर बुझिन्छ ।

यो स्थानीय तहमा मेडपा कार्यक्रमको समग्र निर्णय र संयोजन गर्ने महत्वपूर्ण र सर्वोच्च समिति हो । समितिले कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि निर्देशिकाको दफा ५३ मा उल्लेखित काम, कर्तव्य र अधिकारको प्रयोग गर्दछ ।

## ११. **अनुगमन उपसमिति भनेको के हो ?**

निर्देशिकाको दफा ५८ बमोजिम कार्यपालिकको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा लाभग्राही क्षेत्र समेतको सहभागितामा मेडपा कार्यक्रमको समग्र अनुगमन तथा मूल्याङ्कन गर्न गठित समिति अनुगमन उपसमिति हो । यो उपसमितिले मेडपा कार्यक्रमका हरेक क्रियाकलाप स्वीकृत कार्ययोजना मुताविक छ छैन हेरी निर्देशिकाको अनुसूची १६ को ढाँचा अनुसारको अनुगमन प्रतिवेदनका आधारमा मात्र खर्चको भुक्तानी हुने व्यवस्था छ। आवधिकरूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने यो उपसमितिको निर्देशन र सो निर्देशनको कार्यान्वयनबाट नै समग्र कार्यक्रमको सफलता निर्धारण हुन्छ ।

१२. **नयाँ उद्यमी श्रृजना र भैरहेका उद्यमीको स्तरोन्नति भन्नाले के वुझिन्छ ?**

वेरोजगार रहेका लक्षित समूहका व्यक्तिलाई प्रशिक्षित जनशक्ति परिचालन गरी उद्यमशीलता तालिमका क्रममा तयार गरेको व्यवसायिक योजना मुताविक सीप विकास तालिमबाट प्रशिक्षित गरी व्यवसाय शुरु गर्न तयार पार्ने र सोका लागि वित्तमा पहुँच, प्रविधिमा पहुँच, बजारीकरण तथा व्यवसायिक परामर्श मार्फत उद्यमीका रूपमा तयार गर्ने कार्य नै नयाँ उद्यमी श्रृजना हो। यसबाट लक्षित समूहका व्यक्तिलाई उद्यम सञ्चालन गर्न सक्ने बनाइन्छ। त्यसैगरी उद्यमीको स्तरोन्नति अन्तर्गत उद्यमीका रूपमा हाल उद्यम सञ्चालन गरिरहेका व्यक्ति वा समूहलाई उनीहरूको उद्यम व्यवसाय विकासको आवश्यकता पहिचान गरी सो उद्यमको उत्पादन, गुणस्तर, प्याकेजिङ्ग, पूँजी, मुनाफा, रोजगार जस्ता पक्षमा सकारात्मक परिवर्तन गरी उद्यमको बृद्धि, विकास तथा विस्तार गर्ने कार्य नै उद्यमको स्तरोन्नति र विकास गर्ने कार्य हो।

## १३. प्रविधि हस्तान्तरण के हो ? कसलाई हस्तान्तरण गरिन्छ ?

लघु उद्यमीका लागि स-साना प्रविधिले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। उद्यम व्यवसाय सञ्चालन, विस्तार तथा स्तरोन्नति गर्नको लागि आवश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने कार्य र त्यस्तो मेसिन उपकरण खरिद गर्नको लागि उद्यमीको लागत साझेदारीमा सहयोग गर्ने वा त्यस्तो उपकरण वा मेसिन सञ्चालन गर्न आवश्यक पर्ने विशेष प्रकारको सीप सिकाउने कार्यलाई प्रविधि हस्तान्तरण भनिन्छ।

नयाँ उद्यमी श्रृजनाका लागि, भैरहेका उद्यमीको स्तरोन्नतिका लागि कतिपय व्यक्तिगत र कतिपय समूहमा यस किसिमका प्रविधि शर्त सहित हस्तान्तरण गर्ने व्यवस्था मेडपा निर्देशिकाले गरेको छ। यसका अतिरिक्त कार्यक्रम सञ्चालन उद्यमी श्रृजना र स्तरोन्नतिको कार्यक्रममा तोकिएको लक्ष्य प्राप्त गरी बाँकी हुन आएको रकम र स्थानीय तह वा प्रदेशले प्रविधि हस्तान्तरण गर्न चाहेमा त्यस बापत उपलब्ध प्रविधि समेत हस्तान्तरण गर्न सक्ने व्यवस्था निर्देशिकाले गरेको छ।

**१४. साझा सुविधा केन्द्र (उद्यम घर) के हो ? यो किन आवश्यक छ ?**

स्थानीय तहले आफ्नो क्षेत्रभित्रका लघु उद्यमीले अति गरिबीको कारण लघु उद्यम स्थापना गर्न आफ्नो निवास स्थानमा पर्याप्त स्थान उपलब्ध नभएका र वित्तीय सेवामा पहुँच नभएका तर उद्यम गर्न इच्छुक लघु उद्यमीहरूको सङ्ख्या दश भन्दा बढी रहेको भौगोलिक क्षेत्र वा समुदायमा त्यस्ता लघु उद्यमीबाट कुनै वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण र सोसँग सम्बन्धित कुनै सेवा प्रदान गर्न निर्देशिकाको परिच्छेद ५ मा उल्लेखित प्रकृया अनुसार स्थापना भएको घरलाई साझा सुविधा केन्द्र (उद्यम घर) भनिन्छ। यसले जग्गा वा स्थान अभाव कै कारण उद्यमशीलताको उपयोग गर्नबाट कोही पनि बञ्चित हुन नपरोस भन्ने उद्धेश्य राखेको छ।

**१५. जेसीएमआईएस भनेको के हो ? यसको आवश्यकता किन परेको हो ?**

कार्यक्रमका हरेक क्रियाकलापलाई अभिलेख राख्न तथा प्रतिवेदन गर्नका लागि प्रयोग गरिएको लैङ्गिक समानता

तथा सामाजिक समावेशी व्यवस्थापन सूचना प्रणाली (जेण्डर इक्वालिटी एण्ड सोसियल इन्क्लुजन मेनेजमेन्ट इन्फरमेशन सिस्टम) जेसीएमआईएस हो। साथै सो शब्दले मन्त्रालयले कुनै तथ्याङ्क व्यवस्थापन गर्ने एकीकृत पोर्टल वा अन्य यस्तै प्रकृतिको सूचना व्यवस्थापन प्रणाली तयार गरी तोकेकोमा त्यसलाई समेत जनाउँछ। कार्यक्रमको नियमित क्रियाकलापको अभिलेख राख्न, लक्षित समूह छनौटमा दोहोरोपन (Duplication) हुन नदिन, प्रतिवेदन गर्न र अध्ययनकर्तालाई अध्ययन अनुसन्धान गर्न कार्यक्रमका तथ्यांक उपलब्ध गराउन तथा कार्यक्रममा एकरूपता कायम गर्न यो व्यवस्था आवश्यक परेको हो ।

## १६. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७

कार्यक्रम सञ्चालनमा सवै स्थानीय तहमा प्रभावकारिता र एकरूपता कायम गर्न गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ लाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०७/०४ को निर्णयबाट स्वीकृत गरी लागू गरेको छ ।

**निर्देशिकाका मुख्य विशेषताहरु :**

- गरिबीको रेखामुनि रहेका नेपाली नागरिक, वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्ति, महिला तथा यूवालाई लक्षित,
- लघु उद्यम विकास मोडल (मेड मोडल) मा आधारित भई यसका ६ वटा चरणलाई क्रमश अपनाउदै तोकिएको समयभित्र नै कार्यक्रम सञ्चालन गरी लक्ष्य वा नतिजा प्राप्ती गर्नुपर्ने व्यवस्था,
- स्थानीय तहको उद्योग हेर्ने शाखाको प्रमुख वा कर्मचारीलाई सम्पर्क व्यक्ति (फोकल पर्सन) को रूपमा निजको जिम्मेवारी सहित कामकाज तोक्ने प्रावधान,
- उद्यमशीलता विकासमा दक्षता हासिल भएका सिटिइभिटीबाट मान्यता प्राप्त योग्यता भएका उद्यम विकास सहजकर्ता परिचालन गर्नु पर्ने प्रावधान,
- मेडपा कार्यक्रम जस्तै अन्य धेरै कार्यक्रम समेत स्थानीय तहमा सञ्चालन भएको भएमा सवै कार्यक्रमहरूमा दोहोरोपना रोक्न र कार्यक्रम वीच समन्वय कायम गर्न अन्य कुनै कार्यक्रममा कार्यक्रम संयोजक भएमा निजलाई नै र नभएमा स्थानीय तहले

आफ्नै श्रोतमा कार्यक्रम संयोजक परिचालन गर्न सक्ने व्यवस्था,

- कार्यक्रममा सीप विकास तालिम सञ्चालन गर्न प्रतिष्पर्धाका आधारमा छनौट भएका सेवा प्रदायक संस्था परिचालन गर्न सक्ने,
- नतिजामा आधारित व्यवस्था (उद्यमी श्रृजना भै उद्यम शुरु गरेको वा उद्यमीको स्तरोन्नती भए पछि मात्र नतिजा आएको मानिने व्यवस्था,
- प्रविधि हस्तान्तरण गर्नुपर्ने, उद्यमीलाई बजार र सरल तथा सहुलियतपूर्ण कर्जासंग पहुँच पुऱ्याउनु पर्ने व्यवस्था,
- स्थानीय तह आफैले पनि थप बजेट र थप लक्ष्य सहित यसै निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गर्नसक्ने व्यवस्था
- कार्यक्रम सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय तहको हुने व्यवस्था,
- स्थानीय तहको अध्यक्ष/प्रमुखको संयोजकत्वमा निजी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी ७ सदस्यीय उद्यम विकास समितिको व्यवस्था,
- स्थानीय तहका उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा गठित उपसमितिले प्रत्येक चरणको अनुगमन गरी

अनुगमनको सिफारिश गरे पश्चात मात्र क्रियाकलापको भुक्तानी हुने व्यवस्था,

**१७. अब स्थानीय तहले यो निर्देशिका अनुसार कार्यक्रम कसरी शुरू गर्ने ? (संक्षिप्तमा)**

(१) प्रमुख प्रशासकिय अधिकृतले मेडपा कार्यक्रम सञ्चालनका लागि निर्देशिकाको दफा ९ बमोजिम सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्ने र जिम्मेवारी दिने,

(२) शाखाले निर्देशिकाको अनुसूची २ अनुसारको कार्ययोजना तयार गर्ने र स्वीकृतिका लागि उद्यम विकास समितिमा पेश गर्ने (दफा १० बमोजिम)। साथै कार्ययोजना तयार गर्दा अनुसूची २ को तालिका नं. १ मा उल्लेखित दायरालाई आधार मानेर क्रियाकलाप अनुसार बजेट बाँडफाँड गर्ने र स्वीकृत गराउने,

(३) उद्यम विकास सहजकर्ताको सेवालाई दफा ६ बमोजिमको योग्यता भएका व्यक्तिबाट सेवा करार लिइ अनुसूचीमा उल्लेखित फारमहरूबाट सामाजिक परिचालन (सूचना संकलन र विश्लेषण) गर्न फिल्डमा पठाउने (दफा ५, ६ र ७),

(४) सेवा करारमा लिइएका सहजकर्तालाई सामाजिक परिचालनका लागि फिल्डमा पठाउनु अघि दफा २१ बमोजिम वडा छनौट गर्ने,

(५) उद्यम विकास सहजकर्ताबाट भरिएका अनुसूचीको विश्लेषण गरी लक्षित समूह पहिचान, सामाजिक परिचालन तथा छनौट गर्ने र उद्यमशीलता सम्बन्धी (७+१) दिने तालिम सञ्चालन गर्ने, गराउने,

(६) उद्यमशीलता विकास तालिम सम्पन्न भैसके पश्चात सम्भावित उद्यमीले तयार गरेको व्यवसायिक योजना अनुसार छनौट गरेका उद्यम सञ्चालनका लागि सीप विकास तालिमका क्रियाकलापहरू सञ्चालन गर्ने । यसका लागि प्रतिष्पर्धाका आधारमा सेवा प्रदायक संस्था छनौट गरी सेवा लिन सकिने, (परिच्छेद ३)

(७) सीप विकास तालिम सम्पन्न भए पश्चात उपलब्ध बजेट समेतलाई ध्यान दिई निर्देशिका बमोजिम प्रविधि हस्तान्तरण तर्फका कार्यहरू गर्ने,

(८) उद्यमीलाई ऋण आवश्यक पर्ने भएमा बैक तथा वित्तीय संस्थासँग अन्तरक्रिया गराउने । यस्ता उद्यमीलाई सकेसम्म नेपाल सरकारबाट उपलब्ध

सस्तो व्याजदरको ऋण वा सहुलियतपूर्ण कर्जामा आवद्ध गराउनु पर्दछ ।

(९) अव उद्यमीले वस्तु उत्पादन गर्न शुरु गर्ने हुनाले यसका लागि उद्यमीलाई आवश्यकता अनुसार सहजीकरण गर्न,

(१०) उद्यमीले उत्पादन गरेको वस्तुको बिक्रीका लागि बजारीकरणमा सहजीकरण गर्ने। उसलाई वस्तु उत्पादन र सो वस्तुको बजार व्यवस्थाले मात्र थप उत्साह र उर्जा प्राप्त हुन्छ। सहजकर्ताले यसमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ। किनकी बजारीकरणको अभावमा नयाँ उद्यमी हतोत्साही हुन सक्दछ र पलायन पनि हुन सक्दछ ।

(११) यसरी नयाँ उद्यमी श्रृजना भैसकेपछि पनि निजलाई आवश्यक पर्ने व्यवसायिक परामर्श लगायत विभिन्न सहयोगहरू उपलब्ध गराई रहनु पर्दछ। यस कार्यमा फोकल पर्सन र उद्यम विकास सहजकर्ताले निरन्तर सहजीकरण गर्नु पर्दछ ।

(१२) यसैगरी भैरहेका उद्यमीको स्तरोन्नतिका क्रियाकलाप सञ्चालन गर्दा भैरहेका उद्यमीलाई उद्यम विकास सहजकर्ताले गर्ने सामाजिक परिचालनबाट

आवश्यकता पहिचान भएको क्षेत्रमा सहयोग गरी स्तरोन्नति गर्ने ।

(१३) उल्लेखित क्रियाकलापको सुक्ष्मरूपमा अनुगमन उपसमितिले अनुगमन गरी कार्यक्रम सञ्चालनमा आवश्यक सुधार समेतका सुझाव दिनु पर्दछ । अनुगमन उपसमितिले दिएको प्रतिवेदनका आधारमा र प्रत्येक क्रियाकलापको डाटा ईन्ट्री गरेपछि मात्र खर्च भुक्तानी सम्बन्धी कार्य गर्नु पर्दछ । यसका लागि प्रत्येक क्रियाकलापको जेसिएमआईएस सफ्टवेयरमा डाटा प्रविष्ट गर्नु पर्दछ ।

(१४) तोकिएका स्थानीय तहमा साझा सुविधा केन्द्र समेतका कार्य गर्नु पर्दछ । सम्भावित उद्यमीले उद्यम सञ्चालन गर्न आफ्नो जग्गा वा स्थान अभाव भएको अवस्थामा यस किसिमका साझा सुविधा केन्द्र मार्फत उद्यम गर्ने स्थान उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(१५) सम्पर्क व्यक्ति (फोकल पर्सन) ले कार्यक्रमका लागि आवश्यक जानकारी लिने र दैनिक क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।




नेपाल सरकार

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

सिंहदरबार, काठमाडौं, फोन : ०१-४२११५७९

इमेल : info@moics.gov.np,

वेबसाइट : www.moics.gov.np



Technical Assistance for
Micro Enterprise Development
for Poverty Alleviation
(MEDPA-TA)